मिति २०८३।१।११ गते

# कार्यपालिका बैठक- ५९

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको चालु आ.व. २०८२/८३ मा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था तथा हालसम्मको प्रगति अवस्था बारे छलफल समिक्षा गरियो । साथै कार्यपालिका बैठकमा भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । स्थानीय शासन कार्यसम्पादन मुल्याङ्न (व्यवस्थापन तथा सञ्चालन कार्यविधि) २०८२अनुसार तोकिंएका विषयक्षेत्र र सूचकहरुको अधिनमा रही आर्थिक वर्ष २०८१/८२ मा जैमिनि नगरपालिकाबाट सम्पादन गरिएका विभिन्न विषय क्षेत्रको स्वमुल्याङकन गरी जिल्ला समन्वय समिति, बागलुङमा पेश गरीएकोमा जिल्ला समन्वय समितिवाट प्राप्त पृष्ठपोषणका आधारमा पुन यस नगरपालिकामा सम्वन्धित विषयगत शाखा र समितिहरुमा भएको छलफल र राय समेतका आधारमा निम्नानुसारको विषयगत क्षेत्रमा तपशिल अनुसारको प्राप्त नतिजाको सम्वन्धमा छलफल समिक्षा गरियो ।

तपसिल

| सि.न. | मुख्य विषयक्षेत्र | कुल अंकभार | स्व मुल्याङ्कनबाट प्राप्त अंक | कैफियत |
|---|---|---|---|---|
| १ | शुसासन तथा संस्थागत विकास | ४० | ३१.७ | केहि सुचकहरुमा आवश्यक कागजातहरु अपलोड भएता पनि सिस्टममा देखिएको समस्याको कारण प्राप्त अंक नदेखिएको |
| २ | सामाजिक विकास | २० | ११.७ | |
| ३ | आर्थिक विकास | २० | १०.८ | |
| ४ | पुर्वाधार विकास | १० | ७.९ | |
| ५ | वन वातावरण तथा विपद् व्यवस्थापन | १० | ७.३ | |
| जम्मा अंक | | १०० | ६९.४ | |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीशेरा, बागलुङ २०७२

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत